**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले सेमीकन्डक्टर क्षेत्रमा भारतले तीव्र गतिमा प्रगति गर्दै आफ्नो डिजिटल भविष्यलाई शक्ति प्रदान गर्न र वैश्विक नवाचारलाई गति दिन बलियो पारिस्थितिकी तन्त्र निर्माण गरिरहेको बताउनु भएको छ ।**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले भारत वैज्ञानिक जिज्ञासालाई बढावा दिन र युवा दिमागलाई सशक्त बनाउन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनु भएको छ।**

- **भारत-सिंगापुर मंत्रिस्तरीय गोलमेच बैठक – आई. एस. एम. आर. को तेस्रो चरणको बैठक आज नयाँ दिल्लीमा हुनेछ।**

- **गृह मन्त्रालयले विदेशमा रहने भारतीय नागरिकहरु (ओसीआई) सँग सम्बन्धित नियममा कठोरता अपनाईएको छ ।**

- **मौसम विभागले तेलङ्गनामा आज मुसलधारे वर्षाका लागि चेताउनी जारी गरेको छ।**

**प्रधानमन्त्री -सेमी कन्डक्टर**

प्रधानमन्त्री नरेन्द्र मोदीले सेमीकन्डक्टर क्षेत्रमा भारतले तीव्र गतिमा प्रगति गर्दै आफ्नो डिजिटल भविष्यलाई शक्ति प्रदान गर्न र वैश्विक नवाचारलाई गति दिन बलियो पारिस्थितिकी तन्त्र निर्माण गरिरहेको बताउनु भएको छ । प्रधानमन्त्री श्री मोदीले आन्ध्र प्रदेश, उडिसा र पञ्जाबमा सेमीकन्डक्टर युनिटलाई स्वीकृति दिने केन्द्रीय मन्त्रिमण्डलको निर्णयले उत्पादन क्षमता बढाउने, उच्च दक्ष रोजगार सिर्जना गर्ने र भारतलाई वैश्विक आपूर्ति शृङ्खलामा एक प्रमुख खेलाडीको रूपमा स्थापित गर्ने बताउनु भएको छ । केन्द्रीय मन्त्रिमण्डलले ओडिसा, पञ्जाब र आन्ध्र प्रदेशमा चार हजार ५ सय ९४ करोड रुपियाँको अनुमानित लागतका साथ चार नयाँ सेमीकन्डक्टर उत्पादन एकाइहरूलाई स्वीकृति दिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्रीको अध्यक्षतामा बसेको मन्त्रिमण्डलले उक्त निर्णय लिइएको जानकारी दिनुहुदै सरकारले सेमीकन्डक्टर र इलेक्ट्रोनिक्स क्षेत्रको लागि बलियो संयन्त्र तयार गरिरहेको बताउनु भएको छ ।

1- Byte-अश्विनी वैष्णव

**सूचना तथा प्रसारण मन्त्री -**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले इलेक्ट्रोनिक्स क्षेत्रमा उत्पादन विगत ११ वर्षमा छ गुणाले बढेको बताउनु भएको छ l उहाँले सेमिकोन इन्डिया - २०२५ २ सेप्टेम्बरमा नयाँ दिल्लीमा आयोजना हुने जानकारी दिनुभयो, जसमा मलेसिया, जापान, सिंगापुर र दक्षिण कोरियाले साझेदारको रूपमा भाग लिनेछन्।श्री वैष्णवले भन्नुभएको छ - सरकारले चारबागदेखि वसन्त कुञ्जसम्मको लखनऊ मेट्रोको चरण एक-बी लाई पनि अनुमोदन गरेको छ।

**2- Byte अश्विनी वैष्णव**

**प्रधानमन्त्री नरेन्द्र मोदी - खगोल विज्ञान**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत वैज्ञानिक जिज्ञासालाई बढावा दिन र युवा दिमागलाई सशक्त बनाउन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनु भएको छ । खगोल विज्ञान र खगोल भौतिकशास्त्र सम्बन्धी १८ औं अन्तर्राष्ट्रिय ओलम्पियाडको उद्घाटन समारोहमा उहाँले भन्नुभएको छ - एक करोडभन्दा अधिक विद्यार्थीहरूले अटल टिंकरिङ ल्याबहरूमा व्यावहारिक गतिविधिहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित-स्टेम अवधारणाहरू सिकिरहेका छन्। प्रधानमन्त्रीले अझ भन्नुभएको छ - भारतको क्षितिज अनन्त छ। भारत विज्ञान, प्रधौगिकी , गणित र गणितीय क्षेत्रमा महिला सहभागिताको सन्दर्भमा एक अग्रणी देश रहेको उहाँले बताउनु भएको छ।

3- Byte-प्रधानमन्त्री

**<u>भारत-सिंगापुर-गोलमेच बैठक</u>**

भारत-सिंगापुर मंत्रिस्तरीय गोलमेच बैठक – आई. एस. एम. आर. को तेस्रो चरणको बैठक आज नयाँ दिल्लीमा हुनेछ । केंद्रीय मंत्री अश्विनी वैष्णव, डॉ. सुब्रह्मण्यम जयशंकर, निर्मला सीतारामन अनि पीयूष गोयलले यस बैठकमा भाग लिनु हुनेछ । विदेश मंत्रालयलले भनेको छ- सिंगापुरका उपप्रधानमंत्री गान किम योंग अनि विदेश मंत्री जोसेफिन टियो सहित सिंगापुरका केहि मन्त्रीहरु यस मन्त्रिस्तरीय गोलमेच बैठकमा भाग लिनुहुनेछ 1

**<u>गृह मन्त्रालय</u>**

गृह मन्त्रालयले विदेशमा रहने भारतीय नागरिकहरु (ओसीआई) सँग सम्बन्धित नियममा कठोरता अपनाईएको छ ।मन्त्रालयले कुनै व्यक्तिलाई दुई वर्ष वा यस भन्दा अधिक कैद सजाय भएमा वाउसको बिरुद्ध सात वर्ष वा यस भन्दा अधिक जेल सजाय हुने अपराधमा आरोपपत्र दर्ता गरेमा उनको ओसीआई पंजीकरण रद्द हुने जनाएको छ । ओसीआई कार्डले विदेशमा बस्ने भारतीय मूलका व्यक्तिहरू र उनीहरूका जीवन साथीको बहु-प्रवेश, बहुउद्देश्यीय आजीवन भिसाका साथै केही आर्थिक र शैक्षिक अधिकारहरू प्रदान गर्दछ।

<u>लोकसभा - एक राष्ट्र एक चुनाव</u>

लोकसभाले एक राष्ट्र, एक चुनाव विधेयक बारे संयुक्त संसदीय समितिको रिपोर्ट प्रस्तुत गर्ने समय सीमा बढ़ाएको छ । अब समितिले 2025 को शीतकालीन सत्रको अंतिम सप्ताहको पहिलो दिन सम्ममा आफ्नो रिपोर्ट प्रस्तुत गर्नेछ । भाजपा सांसद पी. पी. चौधरीले 'संविधान (एक सय उनतीस औ संशोधन) विधेयक, 2024 अनि केंद्र शासित प्रदेश विधि संशोधन विधेयक, 2024' मा संयुक्त समितिको रिपोर्ट संबंधमा प्रस्ताव पेश गरको छ ।

**<u>किसान - -शिवराज सिह चौहान</u>**

देशभरिका किसान संगठनहरुका नेताहरू र किसानहरूले हिज नयाँ दिल्लीको पुसा क्याम्पसस्थित सुब्रह्मण्यम हलमा केन्द्रीय कृषि तथा किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानलाई भेटे र किसानहरूको हितको रक्षा गर्न केन्द्र सरकारले चालेका निर्णायक कदमहरूको लागि कृतज्ञता र समर्थन व्यक्त गरे । बैठकमा केन्द्रीय कृषि राज्यमन्त्री भागीरथ चौधरी, कृषि सचिव देवेश चतुर्वेदी, आई.सी.ए.आर.का महानिर्देशक डा. एमएल जाट र विभिन्न राज्यका प्रतिनिधिहरू पनि उपस्थित थिए 1 किसानहरूको हितमा गरिएको यो ऐतिहासिक निर्णयको लागि धैरै किसान संगठनका प्रतिनिधिहरूले प्रधानमन्त्रीप्रति कृतज्ञता व्यक्त गरेका छन् ।

**<u>संसद-आयकर विधेयक</u>**

संसदले आयकर विधेयक, २०२५ र कर कानून (संशोधन) विधेयक, २०२५ पारित गरेको छ। राज्यसभाले चर्चा पछि दुवै विधेयक लोकसभामा फिर्ता पठाएको छ। हिज साँझ राज्यसभामा दुवै विधेयकमाथि भएको चर्चाको जवाफ दिंनु हुँदै बित्तमन्त्री निर्मला सीतारमणले नयाँ आयकर ऐन करदातामैत्री बनाइएको बताउनु भएको छ ।

<u>संसद- राष्ट्रिय खेलकुद प्रशासन विधेयक</u>

संसदले राष्ट्रिय खेलकुद प्रशासन विधेयक, २०२५ र राष्ट्रिय डोपिङ विरोधी संशोधन विधेयक, २०२५ पारित गरेको छ।हिज यो विधेयक राज्यसभामा पारित भएको हो। लोकसभाले यसलाई पहिले नै पारित गरिसकेको छ। विधेयकमाथिको चर्चा को जवाफ दिनुहुदै युवा मामिला तथा खेल मन्त्री मनसुख मांडवियाले खेल महासंघहरूको चुनावमा पारदर्शिता ल्याउन सरकारले यो विधेयक ल्याएको बताउनु भएको छ।

**लोकसभा – खानी तथा खनिज (विकास एवं विनियमन) संशोधन विधेयक,**

लोकसभामा खानी तथा खनिज (विकास र विनियमन) संशोधन विधेयक, २०२५ लाई चर्चा र पारित गर्नका लागि पेश गरियो। विधेयकमा खानी तथा खनिज (विकास तथा बिनियमन) ऐन, १९५७ लाई संशोधन गर्न खोजिएको छ।। विधेयकमा अन्य खनिज पदार्थलाई विद्यमान पट्टामा समावेश गर्नका लागि पट्टाधारकहरुले राज्य सरकारसमक्ष निवेदन दिन सक्ने प्रावधान राखिएको छ।

**मंत्री - भारत - सिंगापुर**

केन्द्रीय बन्दरगाह, पोत परिवहन तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भारत र सिङ्गापुरबीच बलियो र बहुआयामिक सम्बन्ध रहेको र यसलाई मजबुत बनाउन सम्पर्क महत्वपूर्ण रहेको बताउनु भएको छ। मुम्बईमा आयोजित हरित तथा डिजिटल सामुद्रिक करिडोर संवाद कार्यक्रममा एक भिडियो सन्देश मा श्री सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सिंगापुरसँग भारतको द्विपक्षीय सम्बन्ध विभिन्न क्षेत्रमा विस्तार भएको उल्लेख गर्नुभएको छ

**उज्बेकिस्तान राष्ट्रपति -प्रधानमन्त्री बातचित**

उज्बेकिस्तानका राष्ट्रपति शव्कत मिर्जियोयेभले हिज प्रधानमन्त्री नरेन्द्र मोदीसँग फोनमा कुराकानी गर्नुभयो। कुराकानीको क्रममा राष्ट्रपति मिर्जियोयेभले आगामी ७९ औं स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री र भारतीय जनतालाई शुभकामना व्यक्त गर्नुभयो। दुई नेताहरूले व्यापार, सम्पर्क, स्वास्थ्य, प्रधौगिकी र द्विपक्षीय सहयोगका धैरै प्रमुख क्षेत्रहरूमा भएको प्रगतिको समीक्षा गर्नुभयो।

**मौसम**

मौसम विभागले तेलङ्गनामा आज मुसलधारे वर्षाका लागि चेताउनी जारी गरेको छ। जम्मू–कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबाद, उत्तराखण्ड, हिमाचल प्रदेश, बिहार, छत्तीसगढ, पश्चिम बङ्गाल, उडिसा र आन्ध्र प्रदेशमा आगामी दुई–तीन दिनसम्म यस्तै अवस्था रहने सम्भावना रहेको छ। मौसम विभागले दिल्ली, पञ्जाब र हरियाणामा भारी वर्षाको सम्भावना व्यक्त छ।